# सप्तकोशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फत्तेपुर,सप्तरी
## मधेश प्रदेश, नेपाल

## ढुंगा गिट्टी बालुवा संकलन तथा बिक्री सम्बन्धी ठेक्काको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०७९/०४/२६**

यस सप्तकोशी नगरपालिकाको मिति २०७९/०४/०४ गतेको निर्णयानुसार नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत आ.व. २०७९/८० का लागि तपसिल बमोजिमको शर्तमा ढुंगा, गिट्टी, बालुवा तोकिएको स्थानबाट संकलन तथा निकासी कर उठाउनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | कूल जम्मा न्यूनतम वार्षिक अंक (मु.अ.कर बाहेक) | बोलपत्र फारम रु. | संकलन तथा निकासीको परिमाण | शुल्क प्रति घन मि (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-०७९/८० | त्रियुगा खोलाबाट ढुंङ्गा, गिट्टी, बालुवा संकलन तथा बिक्री गर्ने कार्य (सिद्धिपुर, सखुवनी वगर) | ६३९९३४७/४९ | रु.३,०००। (रु. तीन हजार मात्र) | ७२४८१ /०० **घ.मि** | **प्रतिघ.मि** ८८।२९ | |

**शर्तहरु**

१. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र उपयुक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

२. बोलपत्र साथ आफ्नो कवोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड,फत्तेपुर स्थित धरौटी खाता नं. ११३०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर साथै राखी खाम बाहिर प्रष्ट बुझिने गरी ढुंङ्गा, गिट्टी, बालुवा संकलन तथा बिक्री कार्यको बोलपत्र उल्लेख गरी बोलपत्र दाताको नाम, थर ठेगाना समेत स्पष्ट उल्लेख गरी पेश गर्नु पर्नेछ । साथै बोलपत्र फारमका साथ बोलपत्र दाताले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र आ.व. ०७८/०७९ को कर चुक्ताको प्रमाणपत्र वा आर्थिक वर्ष ०७८/०७९ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयमा जम्मा गरेको राजश्व नगदी रसिद वा यस कार्यालयको नेपाल बैंक लिमिटेड फत्तेपुरमा रहेको आन्तरिक राजस्व खाता नम्वर ११३०३०००००१००१०००००१ मा जम्मा गरेको भौचर (रकम फिर्ता नहुने)समेत समावेश गर्नुपर्नेछ । खरिद भएको बोलपत्र स्पष्ट सँग भरी शिलबन्दी लाहा छाप लगाई यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । संशोधन पेश गर्न चाहेमा ३१ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नु पर्नेछ ।

३. रीतपूर्वकदर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे विभिन्न कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवर मा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन ।

४. रीत नपुगी, म्याद नाघी तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

५. ठेकेदारले रकम बुझाउँदा पहिलो किस्ताको रकम ठेक्का अंकमा ५०% कायम गरिने र अन्य दुई किस्ता २५% का दरले विभाजन गरिने छ । पहिलो किस्ताको रकम सम्झौता अगाडि नै जम्मा गर्नु पर्ने छ । दोश्रो किस्ताको रकम मंसिर को पहिलो साता र अन्तिम किस्ता चैत्रको दोश्रो हप्ताभित्र यस कार्यालयमा बुझाउनु पर्ने छ । पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधि भरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्रापत बैंक ग्यारेण्टी सम्झौता भए बखत पेश गर्नु पर्नेछ ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस सप्तकोशी नगरपालिकामा सुरक्षित रहनेछ । दर्ता हुन आएका बोलपत्रहरु मध्ये स्वीकृत बोलपत्रलाई सम्झौता गर्न आउन भनी सूचना दिइने छ । सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचालन गर्नु पर्ने छ ।

७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गर्नु पर्ने छ । प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैंले बुझाउनु पर्ने छ । मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानून बमोजिम लाग्ने मू.अ.कर रकम किस्ता भुक्तानी सँगै अग्रीम रुपमा बुझाउनु पर्ने छ ।

८. बोलपत्र खरिदको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा उक्त कार्यहरु बिदा सके लगतै कार्यालय खुलेको दिन हुनेछ ।

९. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नु पर्ने छ । नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्ने छ ।

१०. नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नु पर्ने छ । सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाइने छैन ।

११. बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिइने छ ।

१२. खोलाबाट सामाग्रीहरु उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका सुर्योदय अगावै गरिसक्नु पर्ने छ । साथै मापदण्ड विपरीत कुनै किसिमको उत्खनन तथा संकलन गर्न पाइने छैन ।

१३. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस नगरपालिकाको निर्णय अन्तिम निर्णय हुने छ ।

१४. ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल जस्ता सामाग्री खोलाबाट संकलन गरी यस नगरपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्ने छ । घाटगद्दी गरिएको ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल जस्ता सामाग्रीको परिमाण यस नगरपालिकाको अनुगमन समितिबाट एकिन गरी बिक्री गर्नु पर्ने छ ।

१५. यस ठेक्काको सम्झौता अवधि सम्झौता भएको मितिले २०८० जेठ मसान्तसम्म कायम हुने छ ।

१६. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

१७. बस्तीमा बातावरण प्रदुषण भएमा ठेकेदार आफैले पानी छर्किने काम गर्नु पर्ने छ ।

१८. उल्लेखित ठेक्का प्रक्रियासँग सम्बन्धित बाँकी बक्यौता रहेका व्यक्ति, फर्म, संस्थाले शिलबन्दी बोलपत्र प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।

१९. अन्य शर्तहरु पछि सम्झौतामा तोकिए अनुसार हुनेछ ।

२०. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**